# बर्दघाट नगरपालिकाको

## पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/०५/०६


बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (ब.सु.प.)

प्रदेश नं. ५

# बर्दघाट नगरपालिका

## पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७६

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

नाम, थर: कृष्ण प्रसाद पाण्डे
पद: प्रमुख प्रशासकिय अधिकृत
प्रमाणित मिति: २०७६/०७/१८

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा रहेको व्यवस्था अनुरुप पशु स्वास्थ्य तथा पशु सेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि पशुपन्छी तथा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एंव स्विकृत कार्यक्रमहरु संचालनमा एकरुपता, परिमाणमुखि र गुणस्तरिय बनाउनको लागि नगर कार्यापालीका बैठक वाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नामः "बर्दघाट नगरपालिकामा पशु सेवा विकास सम्वन्धि कार्यक्रम संचालन कार्यविधि, २०७६" हुनेछ ।

(ख) यो कार्यविधि बर्दघाट नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको बर्दघाट नगरपालिका सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बर्दघाट नगपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) “पशु सेवा शाखा” भन्नाले नगरपालिका मातहतको पशु सेवा हेर्ने शाखा लाई सम्झर्नु पर्छ ।

(च) “शाखा प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको पशु सेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(छ) “प्रदेश मन्त्रालय” नेपाल सरकार ५ नम्वर प्रदेश कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) “मन्त्रालय” भन्नाले नेपाल सरकार, कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

## २. बर्दघाट नगरपालीकामा पशु सेवा अन्तर्गत संचालन हुने कार्यक्रमहरु

- पशु स्वास्थ्य सेवा कार्यक्रम
- पशु नश्ल सुधार कार्यक्रम
- पशु आहारा विकास कार्यक्रम
- पशु सेवा तालीम कार्यक्रम
- युवा लक्षित पशु उत्पादन कार्यक्रम
- पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

## संचालन हुने कार्यक्रमका उद्येश्यहरु

प्रमुख प्रशासकीय अधिकृत

- पशुपन्छीमा हुने रोगहरुको निदान तथा उपचार गर्ने ।
- पशुपन्छीमा हुने संक्रामक रोगहरु फैलन नदिने ।
- पशु चिकित्सा सेवाको व्यवस्थापन गर्ने ।
- पशुहरुमा (गाई/भैसी/बाख्रा) कृत्रिम गर्भाधानको माध्यम वाट नश्ल सुधार गरि पशु जन्य उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
- भैसीमा मुर्रा र बाख्रामा बोयर जातको भाले वाट नश्ल सुधारका लागी प्राकृतिक गर्भाधानको व्यवस्था मिलाउने ।
- पशु तथा पशुजन्य उत्पादन लागत घटाउन बाहै महिना हरियो घाँस उत्पादनमा जोड दिने ।
- स्थानिय चरन, क्षेत्रको विकास र व्यवस्थापन गर्ने ।
- गाई, भैसी, बाख्रा बंगुरको पकेट क्षेत्र बिकास गर्ने ।
- पशु आहाराका लागि कृजि जन्य उपपदार्थको प्रशोधन/प्रयोग गरि पशु पोषण स्वास्थ्यमा सुधार गर्ने ।
- युवा जनशक्तीहरु लाई स्थानिय क्षेत्रमा नै पशुपन्छी पालन तथा पशुपन्छी जन्य उत्पादनमा लाग्नका लागि प्रोत्साहन गर्ने ।
- पशुपन्छी बिमा र कर्जाको सहजिकरण गर्ने ।
- कृषकको गोठ खोरमा उत्पादित बस्तुहरुको बजारीकरणका लागी सहयोग गर्ने ।

### २.१ पशु स्वास्थ्य सेवा कार्यक्रम:

(क) बर्दघाट नगरपालीका पशु सेवा शाखा वाट आवश्यक्ता अनुसार पशुपन्छी हरुको नियमित चेक जाँच, रोग आउट ब्रेक अन्वेशण, नमुना संकलन, परिक्षण, डिजिज सर्भिलेन्स, प्राथमिक उपचार तथा आवश्यक प्राविधिक परामर्ष सेवा उपलब्ध गराईने छ ।

(ख) पशु सेवा शाखाले स्थानिय पाराभेट एवं सरोकारवालाहरु संगको समन्वयमा मेडिकल उपचार, माईनर सर्जिकल, गाईनोक्लोजिकल उपचार, पशु वन्ध्याकरण, प्रयोगशाला सेवा (गोबर र दुध) परिक्षण गरिनेछ । साथै नगरपालीका क्षेत्र अन्तर्गत रहेका पशुहरुमा निम्न अनुसारको पशु खोप सेवा संचालन गरिने छ ।

| | |
|---|---|
| गाई, भैसीमाः | HSBQ र FMD |
| बाख्रा, भेडामाः | PPR |
| बंगुरमाः | Swine Fever |
| कुकुरमाः | Rabies |

(ग) यस नगरक्षेत्र अन्तर्गत दुरदराजमा रहेका एवं पशुपन्छी उपचार तथा प्राविधिक परामर्ष सेवामा कम पहुच भएका स्थान/बस्ती हरुमा घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरिने छ । पशुहरुमा संक्रामक तथा महामारि जन्य रोगहरु देखा परेमा सोको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
प्रमुख प्रशासकीय अधिकृत

**२.२ पशु नश्ल सुधार कार्यक्रम:**

पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई भैसी र बाख्रामा नियमित कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउनको लागि आवश्यक सिमेन, तरल नाईट्रोजन र आवश्यक अन्य लजिष्टिक सामाग्री व्यवस्थापन गरिने छ । पशु नश्ल सुधारका निम्ति कृत्रिम गर्भाधान सेवा लिने कृषकहरुलाई प्रति पशु रु. ३००/- का दरले प्रोत्साहान रकम सम्वन्धित वडा कार्यालय/पशु सेवा शाखा मार्फत सम्वन्धित कृषकलाई नगदै उपलव्ध गराईने छ । साथै पशु पालक कृषकहरुलाई स्थानिय स्तरमा उन्नत जातका राँगो, साँढे र बोका वितरण गरि सोबाट प्रजनन गराई नश्ल सुधार गरिनेछ ।

**२.३ पशु आहारा विकास कार्यक्रमः**

पशु आहारा विकास कार्यक्रम अन्तर्गत पशु पालक कृषकहरुलाई हरियो घाँसमा आधारीत पशु पालनमा प्रोत्सहान गरिने छ । नियमित हरियो घाँस उत्पादनका लागी सिजन अनुसारका हिउदे, बर्षे, बहुबर्षे, घाँसका बिउ/बेर्ना तथा सेट/स्लिप वितरण गरिनेछ । घरका छेउछाउ आलीकान्ला कुलो तथा खोलाको किनार आदिमा लगाउनको लागि विभिन्न जातका डाँले घाँसका बेर्नाहरु वितरण गरिने छ । बाहै महिना हरियो घाँस उत्पादन गर्नका लागि लागत सहभागीतामा कृषकहरुलाई निम्न अनुसारको घाँसका बिउ/बिरुवा/स्लिप उपलव्ध गराईने छ ।

| | |
|---|---|
| ➢ हिउदे घाँसको विउ | जै, भेच, बर्षिम आदि । |
| ➢ बर्षे घाँसको विउ | मकैचरी, सुडान, बाजरा आदि । |
| ➢ डाँले घाँसका बिरुवा | बडहर, किम्बु, बकाईनो, ईपिलईपिल, भट्मासे आदि । |
| ➢ बहु बर्षिय घाँसको विउ | स्टाईलो, ज्वाईन्ट भेच आदि । |
| ➢ बहुबर्षिय घाँसका (सेट्स/स्लिप) | नेपियर, पासपालम, मुलाटो आदि । |

**२.४ पशु सेवा तालीम कार्यक्रमः**

(क) पशु सेवा प्रविधि तथा तालीम कार्यक्रम अन्तर्गत पशुपन्छी पालक कृषक/उद्‌यमी/समुह/सहकारी हरुलाई निजको आवश्यक्ता र माग बमोजिमका तालीम तथा स्थलगत अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ ।
(ख) व्यवसायीक पशुपंक्षी पालक कृषकहरु लाई निजको फार्म संग सम्वन्धित व्यवसायीक/सिप विकास तालीमका लागि प्रदेश पशु सेवा तालीम केन्द्र संग समन्वय गरि तालीमको व्यवस्था मिलाईने छ ।

**२.५ युवा लक्षित पशु उत्पादन कार्यक्रम**

(क) युवा लक्षित पशु उत्पादन कार्यक्रम अन्तर्गत यस नगरपालीका क्षेत्रभित्र स्थाई बसोवास गर्ने २१ बर्ष देखि ५० बर्ष सम्म उमेरका युवा युवतीहरुलाई पशुपालन कार्यमा सहभागी गराई स्वरोजगारी सृजना हुने तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु संचालन गरिने छ । युवाहरुलाई बैदेशिक रोजगारीमा जान निरुत्साहित गरि व्यवसायीक फार्महरु संचालन तथा सुदृढिकरण गर्नका लागि सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ । उद्‌यमीको फार्म संचालन तथा सुदृढिकरण कार्ययोजना बमोजिम अधिक्तम रु. १०००००/- (एक लाख) सम्म अनुदान सहयोग उपलव्ध गराईने छ ।

(ख) व्यवसाय उन्मुख साना किसान हरुलाई निजको गोठ/खोर निर्माण, सुधारका लागी स्विकृत कार्यक्रम अनुसार अधिक्तम रु. १०,०००/- सम्म अनुदान उपलव्ध गराईने छ । यस कार्यक्रममा सहभागी कृषकहरुले साझेदारिमा

प्रमुख प्रशासकीय अधिकृत

कम्तिमा ५ वटा गाईभैसी, २० वटा बाख्रा वा ५ वटा माउ बंगुर पालन गर्न सकिने किसिमको टिन वा टालीको छानो र भुई पक्की (५ ईन्च बाक्लो) ढलान गरिएको वा ईट्टा/ढुङ्गा बिच्छाई ढलान/पलस्टर गरिएको सुधारीएको गोठ/खोर निर्माण, मर्मत भएको हुनु पर्ने छ । गोठ/खोर निर्माण सुधार कार्य सम्पन्न भएपछी सम्वन्धित वडा कार्यालय र पशु सेवा शाखाको कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा सम्वन्धित कृषकलाई नगद अनुदान उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

**२.६ पशुपन्छी तथा पशुजन्य पदार्थको बजारीकरण कार्यक्रम**

पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस नगरपालीका लगायत अन्य सरोकारवाला निकायहरुमा नियमानुसार दर्ता भई संचालनमा रहेका पशु जन्य उत्पादन दुध, फूल र मासु को बिबिधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु निजि सरकारी साझेदारी अनुसार ५०/५० प्रतिशतको लागत सहभागीतामा संचालन गरिने छ । यस्ता कार्यक्रमहरु संचालन गर्नका लागी १५ दिन अवधिको सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ । साथै यस नगर क्षेत्रभित्र उत्पादन भएका पशुपन्छी र पशुजन्य पदार्थको बजारीकरणका लागि जिल्ला तथा प्रदेश स्तरमा आवश्यक समन्वय, सहयोग, सिफारिस गरिने छ ।

**३. अनुगमन तथा मुल्याङ्कनः** संचालीत कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन बर्दघाट नगरपालीका (पशु सेवा शाखा) सम्वन्धित वडाका जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु वाट गरिने छ ।

**४. प्रचलित कानुन लागु हुनेः** पशु सेवा विकास कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित एन, कानुनमा (संघीय र पार्देशिक) उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ । साथै नगरपालीका वाट यस अधि पशु सेवा विकास संम्वन्धि संचालन भए गरेका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**५. आर्थिक प्रशासनः** कार्यक्रमको लेखा, लेखाङ्कन लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्यता सम्वन्धि कार्यविधि २०७५ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**६. कार्यविधि संशोधन तथा परिमार्जनः** नगर कार्यपालीकाले यस कार्यविधिमा समय सापेक्ष आवश्यक परिमार्जन एवम् संशोधन गर्नेछ ।

**८. खारेजी र बचाउः** यस अघि नगरसभा वाट स्विकृत भई संचालन भएका पशु सेवा बिकास सम्वन्धि कार्यक्रमहरु समेत यसै बमोजिम भएको मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची-१

**नियमित पशुपन्छी उपचार / Door to Door सेवाका लागी आवश्यक पर्ने औषधि तथा उपकरणहरुः**

| क्र.स. | बिवरण | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|
| 1 | Thromater | Glass/Dig | |
| 2 | Siger/forcape | L/S | |
| 3 | Gug/Cotton | 400 gm | |
| 4 | Al Shet/Glove | L/S | |
| 5 | Meloxicam/Para Cetamol Inj | 30/100 ml | |
| 6 | Oxytetracycline - LA Inj | 30/100 ml | |
| 7 | Gentamycin Inj | 30/100 ml | |
| 8 | Enrofloxacin Inj | 30/100 ml | |
| 9 | Chlorpheniramine Inj | 30/100 ml | |
| 10 | Dexamethone Inj | 10 ml | |
| 11 | Vit B Complex Inj | 30/100 ml | |
| 12 | Calcium Inj | 450ml | |
| 13 | Ampicillin Inj | 2/2.5 gm | |
| 14 | Ivermaction Inj | 10/50 ml | |
| 15 | Acriflavin/GV. | 15 gm | |
| 16 | Hesporine Pow. | 100 gm | |
| 17 | Phenol | 5 Lit | |
| 18 | T.T. Oil liq | 100/450 ml | |
| 19 | Himax/Chrimal | 25/50 gm | |
| 20 | Butox/Kutox | 10/50 ml | |
| 21 | Glyciren liq | 100/450 ml | |
| 22 | Betadin liq | 450 ml | |
| 23 | Alum/Borax/Soda bi carb | 400 hm | |
| 24 | Prajana/Banjana Cap | 6 Cap Sachet | |
| 25 | Meniral Mixture/Cofacu Tab | 5 Kg/20 Tab Tub | |
| 26 | Cortimaxazole Bolus | 1500 mg | |
| 27 | Albendazole | Liq/Bol | |
| 28 | Febendazole | Liq/Bol | |
| 29 | Oxyclozanide | Liq/Bol | |
| 30 | Lab Related Equpment | sos | |

नोटः पशु स्वास्थ्य शिविर/ बाँझोपन निवारण शिविर/ फार्म जैविक सुरक्षा कार्यक्रम संचालनका लागि आवश्यक्ता र उपदेयता अनुसार खरिद गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची- २

### पशु खोप कार्यक्रम संचालन पारिश्रमिक विवरण

| क्र.स | खोपको किसिम | लगाउने जनावर | भ्यासिनेटरको ज्याला |
|---|---|---|---|
| १ | भ्यागुते, चरचरे | गाई/भैसी | १५/- |
| २ | खोरेत | गाई/भैसी | १५/- |
| ३ | पि पि आर | भेडा/बाख्रा | ५/- |
| ४ | स्वाईन फिभर | बंगुर | २०/- |

## अनुसुची- ३

### व्यवसायीक पशुपंक्षी फार्म दर्ता/अभिलेखिकरण सम्वन्धि विवरण

| क्र.स | फार्म सम्वन्धि बिवरण | हुनुपर्ने पशुपंक्षी संख्या | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायीक गाई पालन फार्म | कम्तिमा ५ वटा दुहुनो गाई | |
| २ | व्यवसायीक भैसी पालन फार्म | कम्तिमा ५ वटा दुहुनो भैसी | |
| ३ | व्यवसायीक बाख्रा पालन फार्म | कम्तिमा २० वटा माउ बाख्रा | |
| ४ | व्यवसायीक बंगुर पालन फार्म | कम्तिमा ५ वटा माउ बंगुर | |
| ५ | व्यवसायीक कुखुरा पालन फार्म | ५०० वटा चल्ला भन्दा माथी | |

## अनुसुची- ४

### व्यवसायीक पशु/पंक्षी फार्म दर्ता प्रमाण-पत्रको ढाँचाः

द.नः .......

व्यवसायीक रुपमा पशु पालन व्यवसायलाई सुव्यवस्थित गर्दै पशुपंक्षी तथा पशुपंक्षी जन्य पदार्थको उत्पादन गर्ने उद्येश्यले यस बर्दघाट नगरपालिका वडा नं .................... मा बस्ने कृषक श्री ..................................... ले स्थापन/संचालन गरेको को ......................................................फार्मलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

पशु सेवा शाखा मितिः...................... प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची- ५

### पशुपालन फार्म प्रवर्द्धन (गोठ/खोर सुधार) कार्यक्रम संचालनका लागि दरखास्त आव्हान सम्वन्धि सुचनाको नमुनाः

सुचना प्रकाशित मितिः ......................

बर्दघाट नगरपालीका (पशु सेवा शाखा) आ.व. .................. को स्वीकृत ब्यवसायीक पशुपालन फार्म प्रवर्द्धन (गाई/भैसी/बाख्रा/बंगुर) कार्यक्रम अन्तर्गत पशुपालन फार्म स्थापनासंचालन गरेका कृषक उद्‌यमीहरुले आफ्नो / गोठ खोर सुधार तथा फार्म/सुदृढिकरण अनुदानका लागि तपशिल अनुसारको कागजात संलग्न राखि १५ दिन भित्र पशु सेवा शाखामा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसुची- ६

### व्यवसायीक घाँस खेती कार्यक्रम संचालनका लागि दरखास्त आव्हान सम्वन्धि सुचनाको नमुनाः

सुचना प्रकाशित मितिः ......................

बर्दघाट नगरपालीका (पशु सेवा शाखा) आ.व. .................. को स्वीकृत घाँस खेती बिस्तार/घाँस विकास कार्यक्रम अन्तर्गत प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको कागजात संलग्न राखि १५ दिन भित्र पशु सेवा शाखामा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यवसाय/फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची- ७**

**ब्यवसायीक पशुपालन फार्म स्थापना/पशुजन्य पदार्थ उत्पादन तथा बजारीकरण कार्यक्रम संचालनका लागि दरखास्त आव्हान सम्वन्धि सुचनाको नमुनाः**

सुचना प्रकाशित मितिः ......................

बर्दघाट नगरपालीका (पशु सेवा शाखा) आ.व. ................. को स्वीकृत पशु जन्य उत्पादन तथा बजारीकरण कार्यक्रम अन्तर्गत ब्यवसायीक पशुपालन फार्म स्थापना/पशुजन्य पदार्थ उत्पादन तथा बजारीकरण कार्यक्रम लागत सहभागीतामा संचालन गर्नका लागि तपशिल अनुसारको कागजात संलग्न राखि ३० दिन भित्र यस नगरपालीका (पशु सेवा शाखामा) दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यवसायीक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. व्यवसायको संक्षिप्त कार्य योजना ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची- ८**

**पशु पालक कृषक, उद्यमीले गोठ, खोर निर्माण/सुधार अनुदान रकम प्राप्त गर्नका लागि पेश गरिने निवेदनको ढाँचाः**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बर्दघाट नगरपालीका कार्यालय

मिति ..................

बिषयः गोठ/खोर सुधार अनुदान सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा त्यहाँ कार्यालय वाट मिति.................................. मा प्रकाशित सुचाना मुताविक गोठ/खोर सुधार कार्यक्रममा सहभागी भई कार्क्रमको उद्येश्य अनुरुप सुधारीएको गोठ/खोर निर्माण गर्न ईच्छुक भएकोले निम्न अनुसारको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु ।

<u>संलग्न कागजातहरु</u>

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यवसायीक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. व्यवसायको संक्षिप्त कार्य योजना ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

<u>निवेदक</u>
नामः
ठेगानाः
सम्पर्क नम्वरः

प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची- ९**

**व्यवसायीक कृषक/समुह/समिति/सहकारीले व्यवसायीक फार्म स्थापना/ उत्पादन / बजारीकरण कार्यक्रम संचालनका लागि पेश गर्नुपर्ने संक्षिप्त कार्य योजनाः**

आवेदक फार्म/संस्थाको नामः .........................................

ठेगानाः ..........................................................................

संचालको नामः .............................................................

सम्पर्क नम्वरः .............................................................

दर्ता भएको कार्यालयः ...................................................

दर्ता नम्वरः ..................................................................

PAN/VAT नम्वरः ........................................................

कार्यक्रमको परिचयः ......................................................................................................................

....................................................................................................................................................

उद्येश्यः .....................................................................................................................................

....................................................................................................................................................

बिद्यमान भौतिक सामाग्री र सोको अवस्थाः ...........................................................................................

....................................................................................................................................................

खर्च सम्वन्धि विवरणः

| क्र.स. | संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरु | एकाई | परिमाण | लागत | | |
|---|---|---|---|---|---|---|
| | | | | कृषकको लगानी | ना.पा. अनुदान | जम्मा |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| **कुल जम्मा** | | | | | | |

अपेक्षित प्रतिफलः .........................................

नामः

दस्तखतः

छापः

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट ५ नं. प्रदेश नेपाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची- १०

**गोठ/खोर निर्माण, सुधार कार्यक्रम संचालनका लागि फार्म छनौट गर्ने मापदण्डः**

| क्रस | आवेदकको नाम | ठेगाना | पालीएको पशु संख्या (५०) | घाँस लगाएको क्षेत्रफल (४०) | व्यवसायको दिगोपना (१०) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची- ११

**साझेदारी कार्यक्रम संचालनका लागि कृषक उद्‌यमी/ व्यवसायीक फार्म /समुह /समिति/ सहकारी छनौट गर्दा अपनाईने आधारहरुः**

| क्र.स | आवेदकको नाम | ठेगाना | कार्य योजना (५०) | व्यवसायको सम्भाव्यता /उपयुक्तता (४०) | अनुभव/तालीम/दिगोपना (१०) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची- १२

**ब्यवसायीक घाँस खेती अनुदान कार्यक्रम संचालनका लागि कृषक/फार्म छनौट गर्ने मापदण्डः**

| क्र.स | आवेदकको नाम | ठेगाना | पशुपालन संख्या (५०) | घाँस लगाएको क्षेत्रफल (४०) | सिचाईको व्यवस्था (१०) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत